श्री

उच्च अदालत पाटन

वाणिज्य इजलास

इजलास नं. ४

माननीय न्यायाधीश श्री गणेश प्रसाद बराल

माननीय न्यायाधीश श्री राजुकुमार खतिवडा

# आदेश

मुद्दा नं :०८२-CB-००५०

मुद्दाः बैंकिङ्ग कसूर।

नेपाल राष्ट्र बैंकका विज्ञ टोली तथा प्रहरी प्रतिवेदन समेतको जाहेरीले नेपाल सरकार........वादी

विरुद्ध

अशोक शेरचन.........................................................................................प्रतिवा

निवेदनपत्रसाथ उपस्थित भएका प्रतिवादी अशोक शेरचनको बयान कार्य सम्पन्न भै अभियोग पत्रसहित मिसिल अध्ययन गरी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान उप-न्यायाधिवक्ता श्री शान्ती प्रसाद शर्मा तथा प्रतिवादी अशोक शेरचनको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताहरु श्री कृष्ण प्रसाद सापकोटा, श्री माधव बास्कोटा, श्री रमण कुमार श्रेष्ठ, र श्री भिमसेन बन्जारा एवं विद्वान अधिवक्ताद्वय श्री धर्मराज रेग्मी र श्री रामकृष्ण लामिछानेले गर्नु भएको बहस समेत सुनियो।

यसमा यी प्रतिवादी अशोक शेरचन विरुद्ध राम जानकी हेल्थ फाउन्डेसनलाई ऋण प्रवाह सम्बन्धमा बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४ को दफा ७ को (घ) र दफा ८ को कसूरमा रु.६,१७,७०,७०१।७७ (छ करोड सत्र लाख सत्तरी हजार सात सय एक रुपैया सतहत्तर पैसा) बिगो कायम गरी सोही ऐनको दफा १५ को उपदफा (२) को (घ)

बमोजिम सजाय गरी दफा १५ को उपदफा (८) बमोजिम थप सजाय एवं Institute of Agriculture Forest and Veterinary Science PVT. Ltd लाई ऋण प्रवाह सम्बन्धमा सोही ऐनको दफा ७ को (क)(ख)(ग) र दफा ८ को कसूरमा दफा १५ को उपदफा (२) को (ङ) बमोजिम सजायको मागदावी रहेको देखिन्छ। प्रभु बैंक लि. का प्रमुख कार्यकारी अधिकृत (CEO) प्रतिवादी अशोक शेरचनले सञ्चालक समिति (बोर्ड) ले स्वीकृत गर्नु अगाडी नै आफूलाई प्राप्त अख्तियारी वा स्वीकृत सीमाभन्दा बाहिर गई राम जानकी हेल्थ फाउन्डेसन प्रा.लि. लाई कर्जा स्वीकृत गरी कर्जा सुविधा प्रदान गरेको एवं अन्य प्रतिवादीहरुसँग मिलेमतो गरी कर्जा दुरुपयोगमा सहयोग गरेको भनी यी प्रतिवादी विरुद्ध अभियोग लगाएको देखिन्छ।

प्रतिवादी अशोक शेरचनले अधिकार प्राप्त अधिकारी समक्षको बयानमा ऋणि संस्था राम जानकी हेल्थ फाउन्डेसन प्रा.लि. र इन्स्टिच्यूट अफ एग्रिकल्चरल फरेष्ट एण्ड भेटेनरी साइन्स प्रा.लि. लाई कर्जा प्रवाह गर्दा संचालक समितिको पूर्व स्वीकृत नलिई ऋण प्रवाह गरेको र ऋण प्रवाह पश्चात मात्र अनुमोदन गराएको भन्ने स्वीकार गरेको देखिएको छ। साथै राम जानकी फाउन्डेसनको लागि सह प्रतिवादी ओम प्रसाद पाण्डेलाई २ लाख कित्ता शेयर धितो राखी कर्जा प्रवाह गरेको भनिएकोमा सो धितो सुरक्षण गरेको नपाइएको, एउटा ऋणी संस्थाले लिएको ऋण रकम अर्को ऋणी संस्थाको नाममा रकमान्तर गर्दा संचालक समितिको निर्णय बिना नै बैंकको पार्किङ एकाउन्ट प्रयोग गरेको देखिएको र आवश्यक प्रकृया पुरा नगरी आंशिक धितो फुकुवा गरेको देखिएको अवस्था छ। त्यसै गरी घटना विवरण कागज गर्ने प्रभु बैंक लि. मा कार्यरत कर्मचारी उपेन्द्र नेपाल, दिपेश पोखरेलले समेत बैंकका प्रमुख कार्यकारी अधिकृत प्रतिवादी अशोक शेरचनको निर्देशनमा संचालक समितिबाट निर्णय हुनु अघि नै ऋण प्रवाह गरिएको भनी गरेको घटना विवरण कागजलाई तत्कालिन Chief Credit Officer (CCO) प्रतिवादी ऋषव श्रेष्ठको अनुसन्धानको बयानबाट समेत समर्थित भएको छ। साथै नेपाल राष्ट्र बैंकको प्रतिवेदनहरु, प्रहरी प्रतिवेदन, प्रतिवादीको अधिकार प्राप्त अधिकारी समक्षको बयान, घटना विवरण कागज गर्ने व्यक्तिहरुको कागज व्यहोरा, सह प्रतिवादीहरुको अधिकारप्राप्त अधिकारी समक्षको बयान, प्रकृया पुरा नगरी कर्जा प्रवाह गरी कर्जा दुरुपयोगमा यी प्रतिवादी समेतको मिलेमतो रहेको भन्ने अभियोग दावी, यी प्रतिवादी

बैंकको प्रमुख कार्यकारी अधिकृतको रुपमा रही निजको जिम्मेवारी र भुमिका लगायत मिसिल संलग्न तत्काल प्राप्त प्रमाणको आधारमा यी प्रतिवादी निर्दोष रहेछन भनी मान्न सकिने अवस्था नहुँदा पछि ठहरे बमोजिम हुने गरी मुद्दा पुर्पक्षको लागि यी प्रतिवादी अशोक शेरचनलाई कानून बमोजिमको सिधा खान पाउने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६७ बमोजिम थुनामा राख्न कानून बमोजिमको थुनुवा पूर्जि दिई सम्बन्धित कारागारमा पठाइदिनू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत २०८३ साल असोज महिना २० गते रोज ३ शुभम्..............................।

<u>आदेश सुनी सही गर्ने</u>

प्रतिवादी अशोक शेरचन